# निर्वाचन आयोग, नेपाल
# निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
## प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२
## सुर्खेत

मितिः २०८२/१०/१५

**राजनैतिक दल, उम्मेदवार, दलका भातृ संगठन, स्वतन्त्र उम्मेदवार, पत्रकार, नागरिक समाज र आम सर्वसाधारण नागरिकको जानकारीका लागि जिल्ला निर्वाचन आचारसंहिता अनुगमन अधिकृतद्वारा निर्वाचन आचारसंहिता, २०८२ परिपालना सम्बन्धमा जारी गरिएको सूचना**

सम्वत् २०८२ फागुन २१ गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, स्वच्छ, पारदर्शी, मितव्ययी एवं भयमुक्त वातावरणमा सु-सम्पन्न गर्न निर्वाचन आयोग नेपालले निर्वाचन आचारसंहिता, २०८२ मिति २०८२/१०/०४ गतेदेखि लागू गरिसकेको व्यहोरा विधितै छ। सो आचारसिंहताको परिपालनका सम्बन्धमा सुर्खेत जिल्लामा उक्त आचारसंहितामा भएको व्यवस्था फाट्टफुट्ट उल्लंघनका घटना भएको जानकारी प्राप्त हुन आएकोले देहायमा उल्लेखित कार्यहरु नगर्न नगराउन हुन राजनीतिक दल, उम्मेदवार, दलका दलका भातृ संगठन, स्वतन्त्र उम्मेदवार, पत्रकार, नागरिक समाज र आम सर्वसाधारण नागरिकलगायत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना जारी गरिएको छ।

<u>देहाय</u>

क) मतदान हुने दिनभन्दा १७ (सत्र) दिन अघि अर्थात मिति २०८२/११/०४ गतेदेखि मिति २०८२/११/१८ गते १७:०० बजेसम्म मात्र निर्वाचन प्रचार-प्रसार सम्बन्धी निम्न कार्यहरु गर्न सक्नेः

- जुलुस, आमसभा वा कोणसभा गर्न,
- सञ्चार माध्यममा कुनै प्रकारका प्रचार-प्रचारका सामाग्रीहरु प्रकाशन वा प्रशारण गर्न,
- निर्वाचन प्रचार-प्रसारका लागि घरदैलो कार्यक्रम गर्न,

ख) जुलुस वा आमसभामा भाग लिने वा प्रचार-प्रसार गर्ने व्यक्तिले दल वा उम्मेदवारको निर्वाचन चिन्ह वा झण्डा अंकित लोगो वा स्टिकर वा कपडा, टोपी वा क्याप, भेष्ट, टि-सर्ट, ज्याकेट, कमिज, गम्छा, व्याच, मास्क वा लकेट लगाउन वा झोला बोक्न नहुने,

ग) कसैको निजी घरजग्गा वा सार्वजनिक भवन, उद्यान, सडकका भित्ता वा पोल वा कुनै पनि सार्वजनिक स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको निर्वाचन चिन्ह राख्न वा टास्न नहुने,

घ) उम्मेदवार वा दलको कार्यालयमा साइनवोर्ड तथा कपडामा बनाइएको ३×४ फिटको दलको झण्डा र सोही नापको चुनाव चिन्ह राख्न बाहेक दलको प्रचार-प्रसार गर्ने उद्देश्यले कुनै किसिमको

डिजिटलवोर्ड, फ्लेक्स प्रिन्ट वा ग्लुसाइनवोर्ड राख्न, श्रव्य सामाग्री बनाउन र श्रव्यदृश्य सामाग्रीहरु प्रदर्शन वा प्रशारण गर्न नहुने,

ङ) निर्वाचन प्रयोजनका लागि ७५ ग्राम तौल सम्मको कागजमा ३०० वर्ग इन्चसम्म आकार भएको एउटै रंग र मुद्रकको नामसहितको पर्चा मात्र प्रयोग गर्ने,

च) उम्मेदवार वा दलले आफ्नो कार्यालय बाहेकका स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको चुनाव चिन्ह, कुनै किसिमको डिजिटलवोर्ड, फ्लेक्स प्रिन्ट वा ग्लुसाइनवोर्ड राख्न तथा श्रव्य सामाग्री बनाउन र श्रव्यदृश्य सामाग्रीहरु प्रदर्शन वा प्रशारण गर्न नहुने,

छ) बालवालिकालाई निर्वाचन प्रचार-प्रसारमा प्रयोग गर्न वा गराउन नहुने,

ज) अनलाइन वेवपेज, टिभी स्क्रोलिङ, सपिङमलमा डिस्प्ले, कलसेन्टर सञ्चालन, बैङ्कका एटिएम काउण्टरमा सन्देश र सडक नाटक आदि माध्यमबाट दलको वा उम्मेदवारको बारेमा कुनै प्रचार-प्रसार गर्न गराउन नहुने,

झ) दलको झण्डाको वा दल वा उम्मेदवारको चुनाव चिन्हको तोरण बनाई सार्वजनिक गर्न वा गराउन नहुने,

ञ) कुनै साम्प्रदायिक विद्वेष फैलाउने गरी प्रचार-प्रसार गर्न वा मत माग्न नहुने,

ट) जुलुस, आमसभा, कोणसभा वा भेला गर्नु अघि त्यस्तो निर्वाचन केन्द्रित कार्यक्रम हुने मिति, समय, स्थान र मार्ग सहितको विवरणसाथ स्थानीय प्रशासनको अनुमति लिएर मात्र गर्नुपर्ने,

ठ) राजनीतिक दल वा उम्मेदवारले जुलुस, आमसभा, कोणसभा, घरदैलो भेटघाट वा जुनसुकै प्रकारका निर्वाचन केन्द्रित ऱ्याली गर्दा बढीमा १० वटा राष्ट्रिय झण्डा प्रयोग गर्ने बाहेक निर्वाचन प्रचार-प्रसार गर्दा सोभन्दा बढी राष्ट्रिय झण्डा प्रयोग गर्न नपाइने,

ड) चुनावी प्रचार-प्रसारको लागि घरदैलो कार्यक्रम गर्दा उम्मेदवार, प्रस्तावक, समर्थक सहित २५ (पच्चीस) जना भन्दा बढिको बाजागाजा, झाँकीसहितको जुलुस लिएर जान नहुने,

ढ) एकभन्दा बढी राजनीतिक दल, उम्मेदवार वा भातृ संगठन, स्वतन्त्र उम्मेदवारले एकै समय एउटै स्थान वा मार्गमा जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला गर्न नहुने र त्यस्तो अवस्थामा स्थानीय प्रशासनले त्यस्तो कार्यक्रम गर्ने स्थल वा मार्ग परिवर्तन गर्न दिएको निर्देशनको पालना अनिवार्य रुपमा गर्नुपर्ने,

ण) मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृतको अनुमति लिई उम्मेदवार भएको सम्बन्धित निर्वाचन क्षेत्र वा उम्मेदवार भएको स्थानमा आयोगले तोके बमोजिम बढीमा २ (दुई) वटा दुई पाङग्रे वा तीन पाङग्रे वा चार पाङग्रे विद्युतीय तथा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारी साधन र त्यस्ता सवारी साधन नचल्ने ठाउँमा बढीमा चार वटा घोडा प्रयोग गर्न सक्ने तर विदेशी नम्बर प्लेटको सवारी साधन प्रयोग गर्न नपाइने,

त) धार्मिक संस्था, आमासमूह, गैरसरकारी संस्था, आश्रम जस्ता स्थान वा व्यक्तिलाई नगद वा जिन्सी वितरण गर्न, अनुदान वा आर्थिक सहायता, चन्दा पुरस्कार, निर्वाचन खर्च वा वुथ खर्च दिन वा दिने घोषणा गर्न नहुने,

थ) राजनीतिक दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधिले निर्वाचन प्रचार-प्रसारका लागि प्रचलित निर्वाचन कानून विपरित हुने गरी सरकारी वा सार्वजनिक निकाय वा गैरसरकारी संघ-संस्थाबाट कुनै पनि प्रकारको आर्थिक सहयोग लिन नहुने,

द) जेष्ठ नागरिक, महिला, यौनिक तथा अल्पसंख्यक तथा अपाङ्गता भएका व्यक्तिहरुको भावना, इज्जत, चरित्र तथा प्रतिष्ठामा आच आउन सक्ने कुनै किसिमको प्रचार-प्रसार कार्य गर्न नहुने,

ध) राजनीतिक दल वा उम्मेदवार, निर्वाचन प्रतिनिधि वा सार्वजनिक पद धारण गरेका व्यक्ति वा अन्य कुनै व्यक्तिले सरकारी कर्मचारी तथा सार्वजनिक सम्पत्तिको प्रयोग गर्न नहुने,

न) राजनीतिक दलले निर्वाचन सम्बन्धी खर्च गर्दा बैङ्क वा वित्तीय संस्थामा छुट्टै खाता खोली दलले तोकेको जिम्मेवार पदाधिकारीद्वारा सो खाताबाट खर्च गर्ने, साथै, उम्मेदवारहरुले निर्वाचन सम्बन्धी खर्च गर्दा बैङ्क तथा वित्तीय संस्थामा छुट्टै खाता खोली निजको तर्फबाट खर्च गर्ने जिम्मेवार पदाधिकारी तोकी सोही खाताबाट खर्च गर्ने,

ऩ) निर्वाचन आचारसंहिता, २०८२ को दफा ५ देखि दफा १२ सम्ममा उल्लेख भएका तत् तत् निकाय, निकायका पदाधिकारीहरु साथै कर्मचारीहरुले सोही अनुसारको आचरण पालना गर्नुपर्ने।

निर्वाचन आचारसंहिता, २०८२ ले तोकेका व्यवस्था विपरित आचारसंहिता उल्लङघनका विषयमा आचारसंहिताको दफा ४८ आकर्षित भई उम्मेदवारी रद्द हुने सम्मको सजायको व्यवस्था रहेको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ। आचारसंहिता सम्बन्धमा कुनै द्विविधा भएमा मुख्य निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन अधिकृतको कार्यालय, जिल्ला प्रशासन कार्यालय, प्रदेश निर्वाचन कार्यालय र निर्वाचन आचारसंहिता अधिकृतसँग सम्पर्क गर्न सक्नु हुनेछ। साथै, आचारसंहिता उल्लङघन गरेको, भएको थाहा पाउने वा देख्ने व्यक्तिले निर्वाचन आचारसंहिता, २०८२ को अनुसूची-४ बमोजिमको ढाँचामा उजूरी दिन सकिने व्यहोरा समेत सूचित गरिन्छ।

निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
मदन मगराती
प्रमुख कोष नियन्त्रक
कोष तथा लेखा नियन्त्रक कार्यालय, सुर्खेत
९८५८०५३११०

निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
डिल बहादुर कार्की
सहायक प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, सुर्खेत
९८५८०७७७९७